**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**Date:28.09.2024** **BROADCAST: 18:40 hrs**

- **Rainfall Damage**

राज्यमा गत दुई दिनदेखि लगातार परेको भारी वर्षाका कारण जनजीवन प्रभावित बनेको छ।

यस्तोमा सोरेङ जिल्लाको दरमदिन समष्टिमा पर्ने लुङ्चोक गाउँका विभिन्न ठाउँमा हिजो दिउँसो गएको पैह्रोका कारण सत्रवटा घर परिवारलाई सुरक्षित स्थानमा सारिएको छ। सुत्रअनुसार सोरेङ जिल्लाको भू-राजस्व तथा आपदा प्रबन्धन विभागका अधिकारी, दरामदिनका खण्ड विकास अधिकारी, पुलिस प्रशासन, स्थानीय पञ्चायत लगायत सम्बन्धित विभागका कर्मचारीहरुले पहिरो प्रभावित क्षेत्रको स्थलगत निरीक्षण गर्दै घटनाको जायजा लिएको छ। लुङचोकमा पहिरोको चपेटमा परेका मानिसहरू र घर परिवारलाई VLW कार्यलयमा सारिएको छ।

अर्कातिर, यसै जिल्लाको थर्पु खण्डस्थित कोलबोटे सोरते निवासी हेमप्रसाद भट्टराईको घर पनि पहिरोको चपेटमा परेको छ। लगातार परेको भारी वर्षाका कारण राज्यका विभिन्न स्थानमा सड़क मार्ग अवरूद्ध हुनका साथै विभिन्न स्थानमा पहिरो गएको रिपोर्ट आइरहेछ।

--------------------------------------X--------------------------------------

- **CM Rainfall**

यस्तोमा, मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले राज्यमा हाल अविरल वर्षाले निम्त्याएको स्थितिलाई ध्यानमा राखेर सबैसित पहिला आफ्नो सुरक्षालाई प्राथमिकता दिने आग्रह गर्नुभएको छ। उहाँले एउटा सोसल मिडिया पोस्टमार्फत मानिसहरूसित आवश्यक नपरेसम्म यात्रा नगर्न अनि नदी, छाँगा र जोखिमपूर्ण स्थानमा नजान अनुरोध गर्नुभएको छ।
श्री तामाङले राज्यवासीको सुरक्षा आफ्नो प्रमुख प्राथमिकता हो भन्दै सबैलाई राज्य सरकारले स्थितिको नजिकबाट निगरानी गरिरहेको अनि जीवन र सम्पत्तिको सुरक्षा गर्न आवश्यक सबै कार्यहरू गरिरहेको छ भन्दै सबैलाई आश्वासन दिनुभएको छ। मुख्यमन्त्रीले सबैसित सावधानी अपनाउन अनि स्थितिको जानकारी लिन आग्रह गर्नुभएको छ।
यसैक्रममा, सिक्किम विधानसभाकी उपाध्यक्ष श्रीमती राजकुमारी थापा र विधायक श्री लालबहादुर दासले एउटा सन्देश जारी गर्दै मानिसहरूसित सतर्क र सावधान रहन अनुरोध गर्नुभएको छ।

उहाँहरूले आवश्यक नपरेसम्म टाड़ाको यात्रा नगर्न, नदी र जोखिमपूर्ण स्थानहरूमा नजान अनि कुनै पनि सूचना र आपतकालीन सेवाका लागि ग्राम प्रशासनिक अधिकारी, MEO अथवा महकुमा अधिकारीहरूसित सम्पर्क गर्न अनुरोध गर्नुभएको छ।

राज्यको वर्तमान स्थितिलाई ध्यानमा राख्दै परी प्रकाशनले तीस सितम्बरदेखि शुरू हुने दुई दिवसीय अन्तरराष्ट्रिय साहित्य महोत्सवलाई स्थगित गरेको छ। प्रकाशनका अध्यक्ष श्री चन्द्रप्रकाश भट्टराईले एउटा प्रेस वार्ता डाकेर यस आसयको जानकारी दिनुभएको हो।

---------------------------------------X---------------------------------------

- **CAP**

सिटिजन एक्सन पार्टी, सिक्किमले पनि लगातार परेको वर्षाका कारण उत्पन्न स्थिति, जोखिम र सम्भावित क्षतिलाई ध्यानमा राख्दै सिक्किमवासीलाई सुरक्षित रहन र सतर्कता अपनाउन आग्रह गरेको छ। पार्टीले एउटा प्रेस बयान जारी गर्दै विभिन्न प्रकारको जोखिमलाई मध्यनजर गरेर सावधानी अपनाउन र सुरक्षित स्थानमा रहन अनुरोध दिएको छ।
पार्टीले सरकार र प्रशासनलाई पनि जनताको सुरक्षाका निम्ति समयमै आवश्यक पहल गर्ने सुझाउ दिएको छ।

---------------------------------------X---------------------------------------

- **Maan Ki Baat**

प्रधानमन्त्री श्री नरेन्द्र  मोदीले भोली विहान एघार बजी आकाशवाणीमा मन की बात कार्यक्रममा देशवासीलाई आफ्नो विचार साझा गर्नुहुनेछ। यो मन की बात कार्यक्रमको एक सय चौधौं प्रकरण हुनेछ। श्री मोदीले तेस्रोपल्ट प्रधानमन्त्री पद सम्हालेपछि यो मन की बातको चौथो कार्यक्रम हुनेछ।

कार्यक्रम आकाशवाणी र दूरदर्शनका सबै नेटवर्क, आकाशवाणी समाचार वेबसाइट र newsonair मोबाइल ऐपमा प्रसारित गरिनेछ। यसलाई आकाशवाणी समाचार, DD न्यूज, PMO र सूचना एवं प्रसारण मन्त्रालयको यूट्यूब चेनलमा पनि सिधा प्रसारित गरिनेछ। हिन्दी प्रसारणको तुरन्तै आकाशवाणीले क्षेत्रिय भाषाहरूमा यसलाई प्रसारित गर्नेछ।

---------------------------------------X---------------------------------------

- **IMD Weather**

मौसम विभागले उत्तर प्रदेशमा भोली मूसलाधारे वर्षाको अनुमान व्यक्त गरेको छ। महाराष्ट्र, गुजरात, उप हिमालयी पश्चिम बंगाल, सिक्किम र बिहारमा पनि अलग-अलग स्थानमा भारी वर्षाको सम्भावना छ। मध्य प्रदेश, उत्तराखण्ड, तमिलनाडु, पुड्डुचेरी र केरलमा पनि भारी वर्षा हुनसक्छ।

---------------------------------------X---------------------------------------

- **Chiwabhanjyang Trail Run**

देन्ताम पर्यटन विकास समाजले आज विहान पहिलोपल्ट चिवाभञ्ज्याङ ट्रेल रन म्याराथन आयोजन गऱ्यो। विहान सात बजीदेखि शुरू भएको दौड़मा सिक्किमसहित दार्जीलिङ, कालेबुङ, बिहार, उत्तरप्रदेश, भुटान र नेपालका गरी तीन सय सातजनाले सहभागिता जनाए। चिवाभञ्ज्याङको अन्तरराष्ट्रिय सीमानालाई समेट्दै सम्पन्न भएको दश किलोमिटर दोड़ उत्तरे र चिवाभञ्ज्याङ पर्यटन गन्तव्यको प्राकृतिक सौन्दर्यलाई प्रदर्शित गर्दै दिगो भविष्यका लागि जिम्मेवार पर्यटनको विकासको लक्ष्यका साथ चार वर्गमा आयोजन गरिएको थियो।
पर्यटन एवं नागरिक उड्डुयन विभागका सल्लाहकार तथा आयोजक समितिका प्रमुख संरक्षक श्री सुदेश कुमार सुब्बाले दोड़को शुभारम्भ गर्नुभयो।

---------------------------------------X---------------------------------------

- **GMC Observes SHS**

गान्तोक नगर निगम (GMC)-ले स्वभाव स्वच्छता संस्कार स्वच्छताको विषयमा स्वच्छता ही सेवा 2024 अभियानसितै स्वास्थ्य जाँच शिविर पनि पालन गऱ्यो। समर्पित सफाई मित्रहरूको निम्ति आयोजित शिविरमा गान्तोकस्थित सेन्ट्रल रेफरल अस्पताल, मनिपालले सहयोग पुऱ्याएको थियो। गान्तोक नगर निगम परिसरमा भएको सफाई मित्र सुरक्षा शिविरमा निगमअन्तर्गत कार्यरत दुई सय पचासभन्दा अधिक सफाई मित्रहरूले स्वास्थ्य जाँचको लाभ लिए।

यसै सिलसिलामा स्वच्छ ही सेवा अभियानअन्तर्गत टाशीलिङ सचिवालय परिसरसहित टिबेट रोडदेखि विद्युत विभाग कार्यालयसम्म सफाई अभियान एवं जागरूकता कार्यक्रम आयोजन गरियो।

---------------------------------------X---------------------------------------